

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ११२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख २३ गते आइतबार ❑ 5 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## कांग्रेस उपसभापति गुरुङद्वारा अग्नि प्रभावित क्षेत्र निरीक्षण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ बैशाख

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति एवं पूर्वमन्त्री धनराज गुरुङले अग्नि प्रभावित क्षेत्रको निरीक्षण गर्नुभएको छ।

उपसभापति गुरुङले शनिबार स्याङ्जाको चापाकोट नगरपालिका-१ का मैदान र बीरडाँडाका अग्निपीडित पाँच घरपरिवारका अवस्था बुझ्नुका साथै आर्थिक सहयोग गर्नुभएको हो। आगलागीका कारणघरबारविहीन भएका जनताको घरमा पुगेर पूर्वमन्त्री गुरुङले प्रतिपरिवार रु १० हजारका दरले आर्थिक सहयोग गर्नुभएको हो । "घरवारविहीन हुनुभएका नागरिकको अवस्था बुझ्नका लागि घरदैलोमा आएको हुँ", उहाँले भन्नुभयो, "जनताको सुख दुःखमा जनप्रतिनिधिसँगै भएको महसुस दिलाउन अग्नि प्रभावित गाउँमा पुगेको हुँ, पहिलो चरणमा मैले पाउने मासिक पारिश्रमिकबाट सानो रकम सहयोग गरेको छु।"



अग्नि प्रभावित मैदान र बीरडाँडाका पाँच घर आगोका कारण पूर्णरूपमा क्षति भएको थाहा पाएपछि नागरिकलाई सान्त्वना प्रदान गर्न र आगामी योजना बनाउने उद्देश्यसहित प्रभावित गाउँको स्थलगत अवलोकन गर्नुभएको हो। "आफ्ना नागरिकलाई साह्रो गाह्रो पर्दा नै हो जनप्रतिनिधिले सहयोग गर्ने हो", उहाँले भन्नुभयो, "नागरिकको वास्तविक पीडाका बारेमा उहाँहरूकै घर दैलोमा पुगेर बुझेर आएको छु, अब उहाँहरूको पुनःव्यवस्थापनका विषयमा म गम्भीर छु, अगाडि बढ्छु।"

चापाकोट-१ मैदानका अग्निपीडित हिमबहादुर सारु मगरले घटना घटाउने मान्छेको पहिचान गरी कारबाहीको माग गर्नुभयो । "हामीले जिताएर पठाएको जनप्रतिनिधि हजुर नै हो, म त बेघर भएँ" मगरले भन्नुभयो, "आगामी दिनमा म जस्तै बेघर अरु कोही पनि नहुन्, त्यसका लागि जो कोही भए पनि खोजी गरी कानुनी दायरामा ल्याउनैपर्छ ।" आँफू बस्दै आएको घर खरानी हुनुको पीडा भोग्नेलाई मात्रै थाहा हुने भन्दै उहाँले आगामी दिनमा यस्ता क्रियाकलाप दोहोरिन नदिनका लागि सबैले आ-आफ्नो ठाउँबाट पहल गर्नुपर्ने बताउनुभयो। सम्पास सामुदायिक वनमा लागेको आगो फैलिँदै आउँदा वनभन्दामाथि रहेका मैदान र बीरडाँडाका पाँच घर तथा गोठ जल्दा पशुचौपाया, अन्नपात, भाँडाकुँडा जलेर नष्ट भएको हो । गत सोमबार मैदानका तीन घर तथा मङ्गलबार बीरडाँडाका दुई घरमा आगलागी हुँदा लाखौँका क्षति भएको थियो ।

मैदानमा गत सोमबार साँझ ५ बजे हिमबहादुर सारु मगर, तेजकुमारी सारु मगर र चन्द्रकुमारी सारु मगरको घर गोठ पूर्णरूपमा जलेर नष्ट भएको थियो । भोलिपल्ट मङ्गलबार दिउँसो २ बजे घरमुनी जङ्गलबाट आएको आगोले बीरडाँडाका सेतीमाया सिँजाली र खमानसिंह सिँजालीको घर गोठ जलेर खरानी भएको थियो।

## किसान र उपभोक्ताको हितको लागि विचौलियाको अन्त्य आवश्यक : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख



गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पशुपालक किसान तथा उपभोक्ताको हितको लागि विचौलियाको अन्त्य गर्नुपर्ने बताउनुभएको छ।

शनिबार पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय पोखराले आयोजना गरेको तृतीय त्रैमासिक तथा नौमासिक प्रगति समिक्षा गोष्ठीमा बोल्दै उहाँले यसको समाधानका लागि पशुपालक किसान र उपभोक्ताबीचमा पुलको काम सरकारले गर्नुपर्ने बताउनुभयो। विचौलियाका कारण उपभोक्ता चर्को मुल्य तिर्न बाध्य हुनुपर्ने तथा पशुपालक किसानलाई लागत खर्च उठाउन मुस्किल भएर पलायन हुनुपर्ने अवस्थासम्म देखिने गरेको उहाँको भनाइ छ । पशु फार्मका सञ्चालक, सरकार र बीमा कम्पनी मिलेर तीन पक्षीय सम्झौता अनुसार काम गर्न सकिने मुख्यमन्त्री अधिकारीको विश्वास छ। 'विचौलियाको अन्त्य गर्दै किसानबाट सीधै खरिद गरेर उपभोक्तासम्म पुऱ्याउने काम सरकारले गर्नुपर्छ, पशुपालक किसानलाई उचित मूल्य र व्यवसायिक सुरक्षाको प्रत्याभूत गराउनुपर्छ' उहाँले भन्नुभयो । स्थानीय सरकार तथा प्रदेश सरकारले न्यूनतम सर्मथन मुल्य तोकेर मासु खपत गराउने र बजारसम्म पुऱ्याउने काम गर्नुपर्नेमा उहाँको जोड छ । किसानहरूलाई निर्वाहमुखी मात्र नभई यान्त्रिकीकरण र वैज्ञानिककरण गर्दै लाभ लिन सक्ने वातावरण सिर्जना गर्नुपर्ने उहाँको तर्क छ। यो क्षेत्रमा देखिएका समस्यालाई पहिल्याउदै समाधानका लागि प्राप्त हुने विकल्पमा सहयोग गर्न सरकार तयार रहेको खुलाउनुभयो। विभिन्न रोगका प्रकोप तथा विपद्का घटनाका कारण समेत पशुपालन क्षेत्रमा लागेका किसानलाई समस्या हुने गरेको भन्दै सुरक्षाका उपाय अपनायर व्यवस्थित गोठ निर्माण र सरसफाईमा समेत ध्यानदिनुपर्ने औल्यानुभयो ।

किसानलाई मासु तथा दुग्धजन्य पर्दाथ उत्पादन गरेपछि बेच्ने कहाँ भन्ने चिन्ता समेत हुने गरेकोले बजारीकरण सहित बजारको सुरक्षामा सरकारले ध्यान दिनुपर्ने बताउनुभयो। यसको लागि उपयुक्त योजना बनाउन पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालयलाई निर्देशन दिनुभएका उहाँले आवश्यक पर्ने बजेट उपलब्ध गराउन सरकार तयार रहेको प्रष्ट पार्नुभयो। जसको लागि पशु बधशालादेखि पशुपालक कृषकका फार्मसम्मलाई कसरी व्यवस्थित बनाउने योजना आवश्यक पर्नेछ । प्रदेशका ११ जिल्ला मध्ये केही पालिकाबाट यसको सुरुवात गर्न सकिने भन्दै त्यसको प्रभावकारितालाई ध्यान दिँदै अन्य पालिकामा विस्तार गर्न सकिने सुनाउनुभयो । गण्डकी प्रदेशमा दोस्रो पञ्चवर्षीय योजनाको आधारपत्र बन्दै गरेको कारण त्यसलाई थप परिपक्क बनाउन समेत सुझाब दिन उहाँको आग्रह थियो। यहाँ देखिएको बहुआयामिक गरिबी हटाउन कृषि र पशुपालनलाई अगाडि बढाउनुपर्ने उहाँको भनाइ छ। 'कृषि र पशुपालनलाई जबसम्म अगाडि बढाउन सकिन्न, हाम्रो बहुआयामिक गरिबी हटाउन पनि सक्दैनौ, त्यसमा ध्यान दिएर जाने हो' उहाँले भन्नुभयो।

गण्डकी प्रदेशलाई मासु, माछा, अण्डा, दुध लगायतमा केही समयमानै पूर्ण आत्मनिर्भर बनाउँदै निर्यात गर्न सक्ने ठाउँमा पुऱ्याइने दावी समेत मुख्यमन्त्री अधिकारीले गर्नुभयो। कार्यक्रममा कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव डा.टंक प्रसाद प्रसाई, निर्देशनालयका महानिर्देशक डा.प्रेरणा सेढाँइ भट्टराई, डा. बालकुमार श्रेष्ठ, डा.सपना लक्ष्मी घिमिरे, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीका प्रमुख शम्भुराज पाण्डेले प्रगति विवरण सहितका प्रस्तुती राख्नुभएको थियो।

## एमालेको गण्डकीका जनप्रतिनिधिलाई ३ दिने प्रशिक्षण शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

ने क पा(एमाले)ले स्थानीय तहमा आफ्नो पार्टीबाट निर्बाचित जनप्रतिनिधिहरूलाई आयोजना गरेको तिन दिने प्रशिक्षण शनिबार पोखरामा शुरु भएको छ।

प्रशिक्षणको पार्टी स्थायि कमिटी सदस्य थममाया थापाले उदघाटन गर्नु भएको थियो । थापाले एमालेका नेतृत्वमा रहेका पालिकाहरू सुशासन र बिकासका नमुना बनाउने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नुभयो । आफ्नो पार्टीले पारदर्शिता जवाफदेहिता सहितको विधिको सुशासनमा जोड दिदै आएको र आफ्ना




जनप्रतिनिधि त्यसमा अब्बल हुनुपर्ने मान्यता अनुरुप काम गर्न आग्रह गर्नुभयो । एमाले गण्डकी प्रदेश कमिटीका अध्यक्ष नवराज शर्माले पार्टी र जन-प्रतिनिधि बिचको समन्वय र सहकार्यले मात्रै निर्धारित लक्ष्य पुरा हुने भन्दै सुखी नेपाली सम्वृद्ध नेपालको सपना पुरा गर्न प्रशिक्षण फलदायी हुने बिश्वास ब्यक्त गर्नु भयो।

प्रदेश कमिटी सचिब धनन्जय दवाडीले जनताका काम थप मजबुत तवरले छिटो छरितो परिणाममुखी बनाउन सहजीकरण होस् भन्ने उद्देश्यले प्रशिक्षण आयोजना गरिएको बताउनु भयो । एमाले पोलिटब्युरो सदस्य तथा केन्द्रीय स्थानीय बिकास बिभाग प्रमुख देबेन्द्र दाहाल, सचिब हर्कराज राइ, केन्द्रीय स्कुल बिभाग सदस्य रामशरण प्याकुरेल सहितका नेताहरूले उक्त प्रशिक्षणमा सहजिकरण गर्ने सचिब दवाडीले बताउनुभयो । प्रशिक्षणमा एमालेबाट गण्डकी प्रदेशका स्थानीय तहमा निर्बाचित प्रमुख, उप-प्रमुख, जिल्ला समन्वय समितिका प्रमुख, उप- प्रमुख र प्रत्येक जिल्लाबाट एक जना वडा अध्यक्ष सहित पार्टीका जिल्ला कमिटि अध्यक्ष र इन्चार्जहरू गरी करिब एक सय जनाको सहभागिता रहेको ने क पा एमाले गण्डकी प्रदेशका उप- सचिब तथा प्रचार एबम प्रकासन बिभाग प्रमुख मन्जु अधिकारीले जानकारी दिनुभयो।

## पोखरामा नेपाली लघुकथाको वर्तमान परिदृश्यबारे चर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

हेमजा साहित्य प्रतिष्ठान नेपालले पोखरामा शनिवार एक समारोहका बीच नेपाली लघुकथाको वर्तमान परिदृश्यबारे चर्चा गरेको छ।

सोही समारोहबीच प्रतिष्ठानले सरूभक्तलाई रजतजयन्ती विशिष्ट सम्मानसमेत अर्पण गरेको छ । कार्यक्रमका प्रमुख अतिथि नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरूभक्तले साहित्यको श्रीवृद्धिका लागि लाग्नेहरूनिरन्तरसाधनारसिर्जनामा लाग्नुपर्ने बताए। उनले विधागत परिचय र अवयवका उल्झनमा सचेत स्रष्टा नअल्झनसमेत सुझाए। प्रतिष्ठानको सम्मान ग्रहण गर्दै सरूभक्तले आफ्नो मावली गाउँबाट पाएको सम्मानलाई विशेष रूपमा लिएको बताए।

अन्तरक्रियामा आफ्नो अवधारणा राख्दै उपप्राध्यापक कल्याण पन्तले साहित्यका क्षेत्रमा कुनै रचनामा कुनै तत्वको कमि भयो भन्दैमा त्यसलाई विधागत मान्यताबाट च्यूत गरिनु शरिरको कुनै अंग भएन भन्दैमा मान्छे होइन भन्नु जस्तै हुने बताए । अवधारणापत्रमाथि टिप्पणी राख्दै हाम्रो लघुकथा केन्द्र गण्डकी प्रदेश संयोजक शुभ शर्माले लघुकथा विधान, लघुकथा साहित्यको विधा या प्रविधा के यस्ता विषयमा सर्जक स्वयं सचेत हुन आवश्यक हुने धारणा राखिन् । गण्डकी प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेलले प्रतिष्ठानले रजत वर्षमा विविध विषयगत कार्यक्रम आयोजना गरेर स्तुत्य कार्य गरेको भन्दै खुसी व्यक्त गरे । साहित्यकार असफल गौतमले लघुकथाको विधागत विकासका लागि पोखराबाट धेरै कार्यहरू भएको बताउँदै साहित्य विधामा विधागत लघुकथागानको निर्माण हुनु स्तुत्य कार्य भएको बताए । कार्यक्रममा ऱ्याण्डम रिडर्स सोसाइटी नेपालका अध्यक्ष रूपिन्द्र प्रभावी, गीताञ्जली साहित्य परिवारका अध्यक्ष भानु भण्डारी छितिज, साहित्य शृङ्खलाका अध्यक्ष लक्ष्मी थापा, लेखनाथ साहित्य प्रतिष्ठानका उपाध्यक्ष छवि सुवेदी विजयी, लघुकथाकार गीता तिवारी गौतम, डा. बलराम उपाध्याय रेग्मी, अम्बिकाप्रसाद भट्टराईलगायतले वर्तमान नेपाली लघुकथाका विविध आयामबारे जिज्ञासा राखेका थिए । कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै कार्यक्रम संयोजक विष्णु बास्तोलाले प्रतिष्ठानले रजत वर्ष सन्दर्भका २५ विशेष कार्यक्रममध्ये लघुकथा विधा केन्द्रित कार्यक्रम आयोजना गरेको जानकारी दिए । प्रतिष्ठानका अध्यक्ष बलराम पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष सुनिल गायकको स्वागत र परशुराम अधिकारीको सञ्चालन रहेको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्कीका सिडिओ घिमिरेको जोडीलाई खुल्ला सिडिओ कप व्याडमिन्टन प्रतियोगिताको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

खुल्ला सिडिओ कप व्याडमिन्टन प्रतियोगितामा कास्कीका प्रमुख जिल्ला अधिकारी (सिडिओ) वासुदेव घिमिरे र राष्ट्रिय खेलकुद परिषदका सुदिप योन्जनको जोडिले उपाधि जित्नु भएको छ।

खेलकुदको शहर पोखरामा शनिबार भएको फाइनल खेलमा सिडिओ घिमिरे र योन्जनको जोडीले विनोद अधिकारी र बासु कलाउनीको जोडीलाई २१–१५, १६–२१ र २१–१९ को सेटमा पराजित गर्दै उपाधि जित्नु भएको हो । नेपालमै पहिलो पटक आयोजना भएको उक्त प्रतियोगिता कास्की जिल्ला ब्याडमिन्टन संघको आयोजनामा प्रतियोगितामा विजेता जोडीले प्रथम पुरस्कार स्वरुप ५० हजार उपविजेता हुनेले ३० हजार प्राप्त गर्नु भएको हो।

त्यसै गरी जनप्रतिनिधि तर्फ भएको खेलमा गण्डकी प्रदेशका सांसद पन्चराम गुरुङ र राम राईको जोडिले धार्दिङका राजकुमार श्रेष्ठ र मनोज तामाङको जोडिलाई २१–८, २१–११ को सोझो सेटमा पराजित गर्दै उपाधि जित्नु भएको हो । नेपाल शीर्ष २० तथा बिना विभागिय पुरुष खुल्ला डबल्स तर्फ कास्कीका बिशाल खड्का र विधान अधिकारीको जोडिले वुटवलका विवेक न्यौपाने र बलराम क्षत्रीको जोडीलाई २१–१८, २१–१८ को सोझो सेटमा पराजित गर्दै उपाधि रक्षा गर्नु भएको हो । पुरुष खुल्ला डबल तर्फको प्रतिष्प्रर्धाको विजेता जोडीले प्रथम पुरस्कार स्वरुप ५० हजार उपविजेता हुनेले ३० हजार प्राप्त गर्नु भएको हो । त्यसै गरी जनप्रतिनिधिहरु बिच बिजेताको जोडिले प्रथम, दोश्रो क्रमशः ५० र ३० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नु भयो।

त्यसै गरी प्रतियोगितामा जुनियर खेलाडीहरुको प्रोत्साहनको लागि भएको १५ बर्ष मुनिका खेलाडीहरु सहभागि (यु-१५) महिला खुला एकल तर्फको प्रतियोगितामा कास्कीका दिलासा रानाले उपाधि जित्नु भएको छ । फाइनल खेलमा रानाले निभा राइलाई २१–१०, २१–८ को सेटमा पराजित गर्नु भएको हो । प्रतियोगितामा विजेताले ३० हजार, उपविजेताले २० हजार पुरस्कार प्राप्त गर्नु भएको हो। ४५ वर्ष माथि उमेर समुहको भेट्रान्स खुला पुरुष डबल तर्फ कास्कीका शम्भु कुमार श्रेष्ठ र राजेश कुमार गुरुङको जोडिले विशाल हिराचन र डोलराज आलेको जोडीलाई २१–१७, २१–१९ को सेटमा पराजित गरी उपाधि जित्नु भएको हो। विजेताको जोडीले ४० हजार, उपविजेताले २५ हजार प्राप्त गर्नु भएको हो।

त्यस्तै ५० वर्ष माथि उमेर समुहको भेट्रान्स खुला पुरुष डबल तर्फ कास्कीका डम्बर बहादुर पुन र चन्द्र गिरी नगरपालिकाका हरि खत्रीको जोडीले शुसिल कुमार श्रेष्ठ र नर बहादुर गुरुङको जोडिलाई २१–१२, २१–१४ को सेटमा पराजित गरी उपाधि जित्नु भएको हो । विजेताको जोडीले ४० हजार, उपविजेताले २५ प्राप्त गर्नु भयो । उक्त प्रतियोगिता नेपालमै पहिलो पटक भएको संघ कास्कीका अध्यक्ष शुसिल कुमार श्रेष्ठले दाबी गर्नु भयो । प्रतियोगितामा १२ जिल्लाका करिब २ सय जना कर्मचारी, जनप्रतिनिधि सहित खेलाडीहरुको सहभागिता भएको संघका सचिव फडिन्द्र तिमिल्सिनाले बताउनु भयो । जुनियर देखि भेट्रान्स सम्मका ६ वटा विधामा हुने प्रतियोगितामा कर्मचारी, जनप्रतिनिधि र खुल्ला पुरुष तर्फको प्रतियोगिता भएको हो।

विजयी खेलाडीहरुलाई गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी, प्रदेशका मुख्य सचिव लक्ष्मी कुमारी बस्नेत, गण्डकी प्रदेशका सांसद एवं पूर्व मन्त्री पन्चराम गुरुङ, कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे, प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङ लगायतले पुरस्कार वितरण गर्नु भएको थियो । आधार भूतस्तरबाटै ब्याडमिन्टन खेलको विकासका साथै शारीरिक रुपमा तन्दुरुस्त, मानसिक रुपमा सचेत र सामूहिक भावनाले अभिवृद्धि गराउने उद्देश्य साथ उक्त प्रतियोगिता गर्न लागिएको उपाध्यक्ष बिशाल खड्काले बताउनु भयो। प्रतियोगिताले कर्मचारी तथा जनप्रतिनिधि तहमा पनि खेलको सकरात्मक प्रभाव पार्ने विश्वास गरिएको अर्को उपाध्यक्ष राजेश कुमार गुरुङले जनाउनु भयो।

# मर्दिखोला शैक्षिक प्रतिष्ठानद्वारा शैक्षिक सामाग्री तथा छात्रवृत्ति वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

मर्दिखोला नेपाल शैक्षिक प्रतिष्ठानले कास्कीमा १० लाख बराबरको शैक्षिक सामाग्री तथा छात्रवृत्ति वितरण गरेको छ।

प्रतिष्ठानको २५ औं वार्षिकोत्सवको अवसरमा कास्कीभित्रका ७ सरकारी विद्यालयलाई शैक्षिक सामाग्री तथा सरकारी विद्यालयका ५ जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको हो । प्रतिष्ठानले शुक्रबार एक कार्यक्रम आयोजना गरि ७ विद्यालयलाई कम्प्युटर, प्रोजेक्टर, प्रिन्टर, बिज्ञान सामाग्री तथा पुस्तक गरि ९ लाख बराबरको शैक्षिक सामाग्री वितरण गरेको छभने १०, ११ र १२ मा अध्ययन गर्ने जेहेन्दार ५ विद्यार्थीलाई २० हजार रुपैयाँका दरले १ लाखको छात्रवृत्ति प्रदान गरेको हो । छात्रवृत्ति पाउने विद्यार्थीमा निष्पक्ष मावि रिभानकी अस्मिता गिरी, बराह मावि भिंडावारीका अग्रसर लामिछाने, माछापुच्छ्रे मावि भुर्जुङखोलाकी सरिता क्षेत्री, गौरिशंकर मनिलाल माविकी सबिना दाहाल र धारापानी मावि पाउदुरका रोहन परियार रहेका प्रतिष्ठानका सचिव डिल्लीराम गिरीले जानकारी दिए। त्यस्तै निष्पक्ष मावि रिभान, बराह मावि भिंडावारी, माछापुच्छ्रे मावि भुर्जुङखोला, शारदा मावि माछापुच्छ्रे १, गौरिशंकर मनिलाल मावि सैतिघट्ट, भारती



भवन मावि पुरन्चौर र संगम मावि अन्पुर्ण ६ चन्द्रकोटलाई गरि ९ लाख बराबरको शैक्षिक सामाग्री वितरण गरिएको सचिव गिरीले बताए । वार्षिकोत्सवकै अवसरमा प्रतिष्ठानले हाजिरी जवाफ प्रतियोगिता समेत आयोजना गरेको थियो।

जसमा निष्पक्ष मावि प्रथम, माछापुच्छ्रे मावि ढिकुरपोखरी द्वितिय, सिर्जना मावि सिम्पाली तृतिय र भारती भवन मावि सान्त्वना हुन सफल भएको थियो । बराह माविमा भएको वार्षिकोत्सव कार्यक्रममा आफ्नो मन्तव्य राख्दै माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मिनबहादुर गुरुङले राज्यले गर्नुपर्ने कार्यलाई प्रतिष्ठानले गरेकोमा आभार प्रकट गरे । कार्यक्रममा माछापुच्छ्रे गाउँपालिका वडा ५ का वडाध्यक्ष नारयण पौडेल, वडा ६ का वडाध्यक्ष टेकनाथ गौतम, बराह माविका प्रधानाध्यापक मिनराज अधिकारिलगाएतले शुभकामना मन्तव्य राखेका थिए। प्रतिष्ठानका सचिव डिल्लीराम गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रतिष्ठानका पुर्व कोषाध्यक्ष नरबहादुर गुरुङले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रमका सञ्चालन प्रतिष्ठानका कोषाध्यक्ष अनिल लामिछानेले गरेका थिए। मर्दीखोला शैक्षिक प्रतिष्ठानले २०५४ सालदेखि कार्य शुरु गरि २०५६ सालमा विधिवत दर्ता गरि शैक्षिक क्षेत्रमा निरन्तर योगदान दिँदै आएको छ । यसका संस्थापक डा. राम गिरी हाल जापानमा छन् । उनलाई नेपालको शैक्षिक क्षेत्रमा निरन्तर योगदान गर्दै आएको भन्दै जापान सरकारद्वारा अनुमति प्राप्त गैरनाफामूलक जापानी संस्था सामाजिक योगदान सहयोग फाउन्डेसन (कोएकी जाईदान स्याकाई कोउकेन सिएन जाईदान) ले जापानमा सम्मान समेत गरेको थियो। प्रतिष्ठानले पछिल्लो पाँच वर्षमा शिक्षा क्षेत्रमा मात्रै ३१ लाख भन्दा बढी खर्च गरिसकेको सार्वजनिक खर्च विवरणमा उल्लेख छ।

# अन्नपूर्ण गाउँपालिकालाई पूनः पालिका स्तरीय भलिबल प्रतियोगिताको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

कास्की जिल्ला तेस्रो अन्तर पालिका स्तरीय भलिबल प्रतियोगिताको उपाधि गत बर्षको विजेता अन्नपूर्ण गाउँपालिकाले जितेको छ।

पोखरा रंगशालाको भलिवल ट्रेनिङ सेन्टरमा आज (शनिबार) भएको फाइनल खेलमा अन्नपूर्णले माछापुच्छे गाउँ पालिकालाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि रक्षा गरेको हो। अन्नपूर्णले २५-१५, २५-१६ र २५-१९ को सोझो सेटमा माछापुच्छ्रे माथि जित हासिल गरी उपाधि सहित १ लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ त्यस्तै उपविजेता माछापुच्छेले नगद रु ६० हजारका साथमा ट्रफी मेडल तथा प्रमाणपत्र हात पारेको हो।

कास्की जिल्ला भलिबल संघले आयोजना गरेको उक्त प्रतियोगितामा पोखरा महानगर र रुपा गाउँ पालिकाले सान्त्वना स्वरुप नगद १०-१० हजार प्राप्त गरेको कास्की भलिबल संघका अध्यक्ष विष्णु बहादुर गुरुङले बताउनु भयो । प्रतियोगितामा अन्नपूर्णका मिलन विक सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै नगद ५ हजार प्राप्त गर्नु भयो। त्यसै गरी उत्कृष्ट सेटरमा बल बहादुर गुरुङ, पोखरा महानगरका विजय परियार उत्कृष्ट सर्भर, माछापुच्छेका मनोज खड्का उत्कृष्ट स्पाइकर, अन्नपूर्णका आकाश धमाल उत्कृष्ट ब्लकर, निरोज धमाल उत्कृष्ट डिफेन्डर, सुनिल धमाल उत्कृष्ट प्रशिक्षक घोषित हुँदै नगद २ हजार पाँच सयका साथमा प्रमाणपत्र प्राप्त गर्नू भएको हो।

प्रतियोगितामा विजेता खेलाडीहरुलाई रुपा गाउँ पालिकाका अध्यक्ष नवराज ओझा, अन्नपूर्ण गाउँ पालिकाका अध्यक्ष विष्णु बहादुर केसी र माछापुच्छे गाउँ पालिकाका अध्यक्ष मिन बहादुर गुरुङ, संघका अध्यक्ष गुरुङ सहितका अतिथीले नगद, मेडल तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो।

# सि.जि.मोटर्सको नयाँ शोरुम पोखरामा, पोखरामा इभी गाडीको माग बढ्दो

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

सि.जि.मोटर्सको नयाँ शोरुम पोखरामा सुरु भएको छ । टि.टि.ग्लोबलको इभी नेटा भी, ११ सिटर सिजि केवाइसी भ्यान, १४, १६ र १९ सिटर किलोङ भ्यानको अधिकारिक बिक्रेता सिजि मोटर्सले उक्त सोरुम पोखरामा सुरु गरेको हो।



यातायात व्यबस्था कार्यालय सवारी कास्कीका प्रमुख डिल्लीराम रिजाल, मोटर्सका म्यानेजमेन्ट टिम, टिटि ग्लोबलका संञ्चालक प्रमेश पराजुली र डिल्लीराज सुवेदीले शुक्रबार संयुक्त रुपमा उक्त सोरुमको उद्घाटन गर्नु भएको छ। शोरुमका साथै ग्राहकहरुको सुविधाका लागि सर्भिस स्टेशन पनि सन्चालनमा आएको कम्पनीले जनाएको छ । सिजि मोटर्सले पोखराका लागि टि टि ग्लोबल लाई अधिकारिक डिलर र्सिप दिदै पोखरामा सरल रुपमा इभि गाडीहरुको बिक्री बितरण गर्न सुरु गरेको हो । सिजि मोटर्सले बिक्रि गर्ने नेटा भी हाल इभी पारखीहरुमाझ लोकप्रिय रहेको कम्पनीको दाबी छ। ३८० किमिको रेन्जले गर्दा नेटा भी ग्राहकहरुको पहिलो रोजाइको रुपमा स्थापित भएको टिटि ग्लोबलका संञ्चालक प्रमेश पराजुलीले बताउनु भयो । १७० मि मि को ग्राउन्ड किलिरेनश भएको नेटा भि मा ८ बर्ष अथवा १ लाख ५० हजार कि मि को वारेण्टी रहेको छ । साथै नेपालको सर्वाधिक बिक्रीहुने हे भि भ्यान सिजि केवाइसी तथा किलोङ शहज तथा सुलभ किस्तामा पाउन सकिने कम्पनीले जनाएको छ । नेपालभर १२० भन्दा धेरै स्थानहरुमा चार्जिङ सेवा दिदै आइरहेको र थप ५० ठाउँमा चार्जिङ सुबिधा उपलब्द गराउने उल्लेख गरिएको छ।

# रबिन्द्रको जन्मजयन्तीमा रक्तदान र परिसंवाद

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

दिगंगत मन्त्री रबिन्द्र अधिकारीको ५५ औं जन्मजयन्तीको अबसरमा पोखरामा शनिबार रक्तदान र परिसंवाद कार्यक्रम सम्पन्न भएको छ।

शनिबार उनको स्मृतिमा स्थापना भएको रबिन्द्र अधिकारी स्मृति प्रतिष्ठानले दुई छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरि जन्मजयन्ती मनाएको हो। बिहान आयोजित रक्तदान कार्यक्रममा चालीस युनिट रगत संकलन भएको प्रतिष्ठानले जनाएको छ।

रक्तदानको प्रतिष्ठानका अध्यक्ष बिद्या भट्टराईले उद्घाटन गरेकी थिइन। यसैगरी "स्मृतिमा रबिन्द्र अधिकारी" बिषयक परिसंवाद कार्यक्रममा बोल्ने बक्ताहरूले बिकासका कुशल योजनाकार र जनताको सच्चा जनप्रतिनिधिको रूपमा स्मरण गरे। कार्यक्रमका प्रमुख बक्ता गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डाक्टर श्रीकान्त खतिवडाले राष्ट्रिय राजनिती मात्रै नभएर देशको बिकासका महत्त्वपूर्ण योजनाकार प्रभाबशाली छवि भएका नेताको रूपमा चित्रित गरे । प्रतिष्ठानका सदस्य कालिदास तिमिल्सिनाले बिकास र समृद्धिका कुशल योजनाकार भन्दै अधिकारी आफ्ना कुरा स्थापित गर्न सक्ने अद्वितीय क्षमताका धनी भएको बताए।

प्रतिष्ठानका अर्का सदस्य राजेन्द्रमणि लामिछानेले अधिकारी कुशल नेता मात्रै नभएर बिकासका असली अभियन्ता र साझेदार भएको उल्लेख गरे। कार्यक्रममा ने क पा एमाले कास्कीका अध्यक्ष बैन बहादुर अधिकारी, नेपाली काङ्ग्रेस कास्कीका सभापति किशोरदत्त बराल, गण्डकी प्रदेश नीति तथा योजना आयोगका पूर्ब सदस्य डाक्टर शान्ता खत्री ,पृथ्वीनारायण क्याम्पसका पूर्ब क्याम्पस प्रमुख गेहेन्द्रर्श्वर कोइराला सहितले राजनितीलाई संस्कार र अनुशासनसंग जोडेर बिकासमा सृजनशिलता जोड्ने नेता भएको उल्लेख गरे । राजनितीलाई इमानसंग जोडेर जनताको बिश्वास निरन्तर जित्ने सफल नेता रबिन्द्र भएको र रबिन्द्र अधिकारीले खोजेको समृद्ध समाज निर्माणका लागि मिहिनेतका साथ लाग्न कार्यक्रमका अधिकान्स बक्ताहरूले जोड दिएका थिए।


रबिन्द्र अधिकारी स्मृति प्रतिस्ठानका अध्यक्ष विद्या भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सदस्य अर्जुन अधिकारी र संचालन सदस्य रश्मि आचार्यले गरेका थिए।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# वायु प्रदुषणले कष्टकर बनेको जनजीवन

वायुप्रदूषणको कारण विश्वका प्रदूषित सहरहरूको सुचिमा नेपाल पर्ने गरेको छ। काठमाण्डौ उपत्यका रअन्य शहरमा वायु प्रदुषणको असर बढ्दो छ। अहिलेको वायु प्रदुषणले विशेष गरी श्वासप्रश्वास र आँखासम्बन्धी समस्या बढेको छ। अस्पतालमा विरामीको चाप परेको छ। वायु प्रदूषित हुनुका अनेक कारणमध्ये लामो समयदेखि वर्षा नहुनुलाई वातावरणविद्हरूले प्रमुख कारक मानेका छन्। खास गरी हिउँदमा वर्षा नहुनु, आगलागी र डढेलोका घटना अधिक हुनु, वायुको बहाव कम हुनु एवं वायुमण्डलमा धुवाँ तथा धुलोको मात्रा बढी हुनुले प्रदूषणको मात्रा धेरै भएको विज्ञको भनाइ छ। तुवाँलोको मात्रा बाक्लिएर जमिन सतहमा बस्दा हावाको बहाव तीव्र भएमा उडाउने सम्भावना हुन्थ्यो तर हावा नचल्ने र पानी पनि नपर्ने भएपछि प्रदूषणको मात्रा चुलिएको देखिन्छ।

फागुनको मध्यदेखि नै वनमा डढेलो लागेका घटना सार्वजनिक हुन थालेका थिए। मुलुकको कुल क्षेत्रफलको ४५ प्रतिशत भूभाग ओगटेको वनक्षेत्रका सयौँ स्थानमा डढेलो लागेको छ। बस्तीलाई पनि असर पुर्‍याएको छ। पूर्वदेखि पश्चिमसम्मै कुनै त्यस्तो वन छैन; जसमा डढेलो नलागेको होस्। वायुप्रदूषणको प्रमुख कारक नै आगलागी मानिएकाले मानिसले आफ्नो स्वास्थ्यमा आफैँले हानि पुर्‍याइरहेको देखिएको छ। हावाको गति स्थिर रहेर तुवाँलो फाट्न नसक्दा भूमिस्थ दृश्य (भिजिबिलिटी) मा कमी आएर हवाई उडानमा समेत प्रभाव परेको देखिएको छ। तुवाँलोले ढाकेर परपरको दृश्यसमेत नदेखिने भएपछि पोखरालगायतका पर्यटकीय क्षेत्र प्रभावित भएका छन। यर्यटन क्षेत्रमा असर पारेको छ। लयमा फर्कदै गरेको पर्यटन क्षेत्रमा नकारात्मक असर पारेको छ।

अन्तर्राष्ट्रिय वायु गुणस्तर सूचकाङ्क (एक्युआई) अनुसार एक्युआई शून्यदेखि ५० सम्मलाई स्वस्थकर मानिन्छ। यसै गरी ५१ देखि सयसम्मलाई मध्यम, सयदेखि १५० सम्मलाई अस्वस्थकर र १५० देखि दुई सयसम्मलाई अति अस्वस्थकर मानिएको छ। गत साता काठमाडौँ उपत्यकाको एक्युआई १८४ पुगेको सार्वजनिक भएकोमा शनिबार पोखराको एक्युआई २०८ पुगेर काठमाडौँलाई उछिनेको मात्र नभई सम्भवतः विश्वकै प्रदूषित सहरको कोटीमा परेको देखिएको छ। जसका कारण पोखराको जनजीवन नराम्ररी प्रभावित भएको छ।

यस्तो विपत् रोक्नका लागि तयार पारिएको कार्ययोजनामा फोहोरजन्य वस्तु नजलाउने, सडक सफा गर्न ब्रुमर तथा भ्याकुमको प्रयोग बढाउने, बालबालिका, ज्येष्ठ नागरिक र बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने उल्लेख गरिएको छ। यसै गरी राष्ट्रिय वातावरण नीति, २०७६ ले प्रदूषण कम गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्, चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने उल्लेख छ। जस अनुसार प्रमुख सहरहरू र औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा वायुको गुणस्तर मापन केन्द्र स्थापना गरिने उल्लेख भए पनि व्यवहारमा भने लागु गरिएको देखिँदैन।

अहिलेको वायुमा कार्बन मोनोक्साइड र नाइट्रस अक्साइड जस्ता मानव स्वास्थ्यका लागि हानिकारक ग्यासको मात्रा अधिक देखिएको जनस्वास्थ्यविद्को भनाइप्रति सचेत रहन आवश्यक छ। वायुप्रदूषणका कारण आँखा पोल्ने, रुघाखोकी लाग्ने, छाला चिलाउनेलगायतका अल्पकालीन रोगका साथै मुटु, फोक्सो तथा मस्तिष्कमा हुने दीर्घकालीन असरप्रति पनि चिकित्सकले सतर्कता अपनाउन सुझाव सम्प्रेषण गरेको पाइएको छ। यस्तो बेलामा सकभर घरभित्रै बस्ने, बाहिर जानै परेमा गुणस्तरीय मास्क लगाउने, दम तथा श्वासप्रश्वासका बिरामीले विशेष सुरक्षा सतर्कता अपनाउनुपर्ने चिकित्सकीय रायप्रति सबैले ध्यान पुर्‍याउन आवश्यक छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाव | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# 'प्रथम क्रस लेक खुल्ला पौडी प्रतियोगिता' हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

गण्डकी प्रदेश पौडी संघको आयोजनामा उक्त प्रतियोगिता यहि बैशाख २९ गते शनिबार फेवातालमा हुने भएको शुक्रबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

प्रतियोगितामा पुरुष र महिलातर्फ ५०० मिटर एर्व पर्यटक तर्फ (स्विम फर फन) समावेश गरिएको संघ गण्डकीका अध्यक्ष आनन्द कुंवरले जानकारी गराउनु भयो।

प्रतियोगितामा महिला र पुरुषतर्फ पहिलो, दोस्रो र तेस्रो हुनेलाई जनही नगद रु १० हजार, ८ हजार र ५ हजारका साथमा मेडल तथा प्रमाणपत्र प्रदान गरिने जानकारी दिएका छन्। त्यसै गरी पर्यटकतर्फ हुने स्विम फर रनका पहिलो, दोस्रो र तेस्रो हुने बिजेताले पदक, प्रमाणपत्र र विभिन्न पर्यटन संग सम्वन्धित प्याकेज उपहार प्दान गरिने भएको छ। फेवाताल शुद्ध छ भन्ने नारालाई स्थापित गर्न उक्त प्रतियोगिताले भूमिका खेल्ने संघका अग्रज पर्यटन ब्यवसायी गणेश भट्टराईले जनाएका छन्।

पछिल्लो समय फेवाताल अक्रिमण र प्रदषित हुँदै गए पछि पर्यटन ब्यवसायीहरु समेत चिन्तित बन्दै गएको अवस्थामा प्रतियोगिताले सचेतना जगाउन भुमिका खेल्ने बताए।पौडी संघ गण्डकीका सचिव अनिल थापाले फेवातालका विषयमा उठेका नकरात्मक सन्देशहरुलाई चिर्न पौडी प्रतियोगिता सहायक हुने जनाउँदै सबैको सहकार्यका लागि आह्वान गरेका छन्।

प्रतियोगितालाई पोखरा महानगर वडा नं ६ को कार्यालय, नेपाल पर्यटन बोर्डको कार्यालय पोखरा, पोखरा पर्यटन परिषदलगायत परिषद संग आवद्ध पर्यटन संघ संस्थाहरुले सहयोग गर्ने भएको आयोजकले जनाएको छ। आफ्नो वडाको पहिचानको लागि पौडसी खेलको प्रबर्द्धन गर्न खोजिएको वडा अध्यक्ष बिष्णु बहादुर भट्टराईले जनाए।

# वेस्ट इन्डिज 'ए'सँगको अन्तिम खेलमा नेपाल विजयी

**काठमाडौं**
रासस, २२ बैशाख

टी-२० शृङ्खलाको अन्तिम खेलमा नेपालले वेष्ट इन्डिज 'ए'लाई ६ विकेटले पराजित गरेको छ।

यसअघि नेपालले लगातार तीन खेलमा हार बेहोरेको थियो। नेपालले पहिलो खेलमा भने वेष्ट इन्डिज 'ए'लाई चार विकेटले हराएको थियो। नेपाल त्यसपछिको दोस्रो खेलमा १० रन, तेस्रो खेलमा ७६ रन र चौथो खेलमा २८ रनले पराजित भएको थियो। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज वेस्ट इन्डिज 'ए'ले टस जितेर पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ७२ रन बनायो। वेस्ट इन्डिज 'ए'का लागि एलिक एथानाजेले सर्वाधिक ४२ रनको योगदान दिए। उनले २९ बल खेल्ने क्रममा एक चौका र तीन छक्का प्रहार गरे। यस्तै रोस्टन चेसले ३३ रन बनाए। उनले २१ बल खेल्ने क्रममा पाँच चौका हाने। जोनसन चार्ल्सले २४, म्याथ्यु फर्डले २३, कदीम एलियनले ११ र मार्क दयालले ११ रन बनाए। बलिङतर्फ नेपालका सोमपाल कामी र सागर ढकालले तीन तीन तथा अभिनाश बोहराले एक विकेट लिए। एक सय ७३ रनको विजयी लक्ष्य पछ्याएको नेपालले १८ दशमलव पाँच ओभरमा चार विकेट गुमाउँदै पूरा गर्‍यो। अठारौँ ओभरमा कुशल मल्लले पाँच बलमै २२ रन हानेपछि नेपाललाई विजयी बन्न सहज भएको हो। सो ओभरमा मल्लले चार चौका र एक छक्का प्रहार गरे। उनले १८ बलमा तीन चौका र तीन छक्काको मद्दतमा अविजित ३७ रन बनाए।

त्यस्तै आसिफ शेखले ५१ रनको योगदान दिए। उनले ३५ बलमा दुई चौका र चार छक्का हाने। अनिल शाहले ४५ बलमा चार चौका र चार छक्कासहित ५८ रन बनाए। कुशल भुर्तेलले १३ र दीपेन्द्रसिंह ऐरीले ५ रन बनाए। बलिङतर्फ वेष्ट इन्डिज 'ए'का ओबेद म्याककोयले तीन तथा म्याथ्यु फर्डले एक विकेट लिए।

# व्यासका आठ सय जनालाई अपाङ्गता परिचयपत्र

**पोखरापत्र संवाददाता**
तनहुँ, २२ बैशाख

तनहुँको व्यास नगरपालिकाले हालसम्म आठ सय ८२ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरेको छ। आर्थिक वर्ष २०७९/८० मा आठ सय २५ र चालु आवको वैशाख २१ सम्म ५७ जनालाई अपाङ्गता परिचयपत्र प्रदान गरिएको हो।

निवेदन दिएपछि अपाङ्गता समन्वय समितिको बैठकले शारीरिक अवस्था हेरी परिचयपत्र दिने गरेको व्यास महिला बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखाकी अधिकृत एवं समितिकी सदस्य सचिव राधा आचार्यले जानकारी दिनुभयो। अपाङ्गता परिचयपत्र लिएमध्ये 'क' वर्गका एक सय ३५ जना छन्। 'ख' वर्गका तीन सय ३८, 'ग' वर्गका दुई सय २६ र 'घ' वर्गका एक सय १६ जना रहेका छन्। त्यसैगरी चालु आर्थिक वर्षमा ५७ जनालाई परिचयपत्र वितरण गरिएको छ। जसमा 'क' वर्गका आठ, 'ख' वर्गका २३, 'ग' वर्गका १९ र 'घ' वर्गका चार जना रहेका छन्।

सङ्घीय सरकारले 'क' वर्गका अपाङ्गतालाई मासिक रु तीन हजार नौ सय ९०, 'ख' वर्गकालाई रु दुई हजार एक सय २८ र 'ग' वर्गकालाई रु चार हजार सामाजिक सुरक्षाभत्ता प्रदान गर्दै आएको छ। 'घ' वर्गका अपाङ्गता व्यक्तिलाई भत्ताको सुविधा नभए पनि स्वास्थ्य सेवालगायतका सुविधा पाउन सहज हुने व्यासकी उपप्रमुख इन्दिरा दरैले जानकारी दिनुभयो।

# 'आठौँ पोखरा स्पोर्ट्स अवार्ड २०८०' मा प्रकाश सपुतको सांगीतिक प्रस्तुती हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख



गायक प्रकाश सपुतको प्रस्तुतीमा पोखरेली दर्शक झुम्न पाउने भएका छन्। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको 'आठौँ पोखरा स्पोर्ट्स अवार्ड २०८०'मा समावेश गरिएको सांगीतिक तथा साँस्कृतिक प्रस्तुतीमा मुख्य आर्कषणको रुपमा गायक सपुतले प्रस्तुती राख्ने भएका हुन्। यहीं वैशाख २८ गते शुक्रबार दिउँसो ३ बजेबाट पोखरा सभागृह हलमा आयोजना हुने कार्यक्रममा उनले आफ्ना चर्चित गीत सुनाउँदै पोखरा घन्काउने छन्। उनको प्रस्तुतीमा रम्न इच्छुक संगीतप्रेमी निर्बाध रुपमा यो कार्यक्रममा सहभागी बनेर झुम्न सक्नेछन्। कार्यक्रम हेर्नको लागि प्रवेश निःशुल्क रहेको मञ्चका महासचिव तथा प्रचार प्रसार उपसमितिका संयोजक राजाराम पौडेलले जानकारी दिए।

गण्डकी प्रदेश स्तरीय अवार्ड कार्यक्रममा आर्कषणको रुपमा यसपाली बागलुङ जिल्लामा जन्मिएर नेपाली सांगीतिक फाँटमा स्थापित बनेका सपुतलाई स्टेज उतार्न लागिएको हो। विषयवस्तुको गहिराईमा पुगेर त्यसलाई सुन्दर गीत तथा प्रस्तुती मार्फत कथामा उतार्न सक्ने खुबी भएका सपुतको प्रस्तुतीले कार्यक्रममा रौनकता थप्ने मञ्चको विश्वास छ। सपुतका अलावा गायक सन्तोष बस्याल, निर्मल दाहाल, नृत्यतर्फ तरेली साँस्कृतिक परिवारको लाठी नाच, कौरा र झ्याउरे नृत्य तथा बि बोइङ गण्डकीको प्रस्तुती समेत रहने साँस्कृतिक कार्यक्रम उपसमितिका संयोजक मन क्षेत्रीले खुलाए। अवार्ड कार्यक्रममा उपस्थित हुन सबैजनालाई आयोजक मञ्च गण्डकीले अनुरोध गरेको छ।

अवार्ड कार्यक्रममा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष दीननाथ बरालले जनाए। मञ्चले सर्वोत्कृष्ट महिला र पुरुष विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै एक/एक थान टेलजी ईलेक्ट्रिक स्कुटर प्रदान गर्ने जनाएको छ। त्यसबाहेक अन्य सबै विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै जनही ३५/३५ हजार प्रदान गर्दछ। अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने प्रदेश खेलकुद परिषद गण्डकीले सहकार्य गर्नेछ। पोखरा महानगरपालिका र राष्ट्रिय खेलकुद परिषदले सघाउनेछन्। प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, अफिसियल रिसोर्टको रुपमा पोखरा लेकसाइडमा रहेको मझेरी रिसोर्ट एण्ड स्पा रहेको छ।

यसका अलावा टेल्जी ब्राण्डको इलेक्ट्रिक स्कुटरको आधिकारिक विक्रेता योमामा ई मोर्टस् प्रा.लि., सहारा क्लब पोखरा, साहस स्पोर्ट्स, गण्डकी प्रज्ञा-प्रतिष्ठान, केसी ग्रुप/आभ्या क्लब, मादी गाउँपालिका, बुमर्‍याङ रेष्टुरेन्ट लेकसाइड, सिटीजन फर्निचर, परिचय एड्भटाइजिङ, नेपाल भुतपूर्व खेलाडी मञ्च, रुपा गाउँपालिका, निसीखोला गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, गण्डकी प्रदेश क्रिकेट संघ, इन्द्रधारा विष्ट (मुस्ताङ गल्फकोर्ष), लक्ष्मी हाउस प्रालि, थ्रीसिक्स इञ्जिनियर रेजिमेट एण्ड क्यूजिईका संयोजक क्याप्टेन कृष्ण पुन, गुरुङ व्युटी पार्लर प्रा.लि., पूर्व नेपाली राष्ट्रिय महिला भलिबल उपकप्तान लक्ष्मी गुरुङ, दीपक थापा (हक्की संघ गण्डकी), पोखरा १५ वडा कार्यालय, मोबाईल टावर प्रा.लि. लगायत सहयोगी रहेका छन्। लाइभ पार्टनरका रुपमा पब्लिक फोर के टेलिभिजनले साथ दिनेछ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो। यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको हो। देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ। खेल क्षेत्रमा उर्जा थप्न मञ्चले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ। मञ्चमा हाल ७४ जना पत्रकार आवद्ध छन्।

# लोकप्रिय बन्दै बागलुङको कोदोको बिस्कुट

**रासस**
बागलुङ, २२ बैशाख



बागलुङका काठेखोला गाउँपालिकामा उत्पादन सुरु भएकोको कोदोको बिस्कुट छोटो समयमै उपभोक्ताको रोजाइमा परेको छ।

काठेखोला गाउँपालिका-८ लेखानी कादेशका चानसिंह श्रीसले सुरु गर्नु भएको कोदोको बिस्कुट उत्पादन तीन महिनामै माग धान्न नसक्ने अवस्थामा पुगेको हो। पुरानो खाद्य बालीका रूपमा रहेको कोदोलाई 'ब्रान्डिङ' गर्न गत फागुनदेखि बिस्कुट उत्पादन गरी उहाँले बजारमा पठाउनु भएको थियो। बिस्कुट बजारमा पुगेपछि माग ह्वात्तै बढेको हो। ३४ वर्षीय युवा श्रीसले घरेलु उद्योगमार्फत कोदोको बिस्कुट उत्पादन सुरु गर्नुभएको हो। उहाँले उद्योग फस्टाउन थालेपछि पाँचजनालाई प्रत्यक्ष रोजगारी दिनुभएको छ। गाउँमै उद्यम गरेर स्वरोजगार बन्न सात वर्षदेखि कोदोको बिस्कुट बनाउन अनुसन्धान गरेपछि श्रीसले उत्पादन सुरु गर्नुभएको हो। "कोदोको बिस्कुटको माग दैनिक १५ हजार थान छ तर मेरो उद्योगको क्षमता दैनिक एक हजार पाँच सय छ", उहाँले भन्नुभयो, "मैले उपभोक्ताको माग पुरा गर्न सकेको छैन।" मागको ३० प्रतिशत मात्रै कोदोको बिस्कुट बजारमा पठाउन सकेको उहाँले बताउनुभयो। अझै ७० प्रतिशत माग पुर्‍याउन बाँकी छ। त्यसका लागि भारतबाट अत्याधुनिक बिस्कुट बनाउने उपकरण भित्र्याउने तयारीमा श्रीस हुनुहुन्छ। एक महिनाभित्र उक्त उपकरण आएपछि मागअनुसार उत्पादन हुने उहाँको भनाइ छ। विसं २०७७ मा स्थापना गरिएको उद्योगले अहिले कोदोको बिस्कुट उत्पादन गरेर बजारमा पुर्‍याएको हो। गाउँमा उत्पादन भइरहेको कोदोको महत्व जगाउँदै कोदोको स्वादमा जागा इन्टर नेसनल इन्भेष्टमेन्ट एन्ड रिसर्च सेन्टर प्रालिको नामबाट बिस्कुट बजारमा पुर्‍याइएको हो। लामो समयदेखि आलु, कोदो, जौ र मकैको बिस्कुट बनाउन अध्ययनपश्चात् पहिलो चरणमा कोदोको बिस्कुट उत्पादन गरेको श्रीसले बताउनुभयो। उहाँले रु ४० लाख लागतमा नयाँ उपकरण भारतबाट ल्याउन लागेको जानकारी दिनुभयो। कोदोको बिस्कुटले यत्तिको लोकप्रियता कमाउला भनेर उहाँले सोच्नुभएको थिएन। उहाँका अनुसार छिमेकी जिल्लासँगै विदेशबाट समेत बिस्कुटको माग हुन थालेको छ। उहाँले जापानमा समेत आफ्नो बिस्कुट प्रदर्शन भइसकेको बताउनुभयो। घरेलु उद्योगको हिसाबले सानो पूँजीमा सुरु गरेको उद्योगमा राष्ट्रिय उद्योगको जस्तो माग आएपछि थप संरचना निर्माणको काम सुरु गर्नुभएको छ। "धान्नै नसक्ने माग आयो, अहिले उद्योगको क्षमता विस्तारमा लागेको छु, २० लाखमा सुरु गरेको उद्योग अबको एक महिनामा करोड लागत पुग्छ, मागअनुसारको बिस्कुट उत्पादनका लागि एक महिना लाग्छ," श्रीसले भन्नुभयो, "अहिले नयाँ उपकरणका लागि संरचनाहरू निर्माण भइरहेको छ, कोदोको बिस्कुटको माग धान्न नसकेर फोन उठाउनै नसक्ने भएँ।" सिए पढ्ने सपना अधुरै राख्नुभएका श्रीसल पाँच वर्ष काठमाडौँमा रेष्टुराँ चलाउनुभएको थियो। उहाँ कोरोनाकालमा गाउँ फर्केपछि बिस्कुट उद्योग सञ्चालनमा ल्याउनुभएको हो। कुनै समय गरिबको खानाका रूपमा चिनिएको कोदोको परिकारको महत्व बढेपछि श्रीसले नेपालमै पहिलोपटक कोदोको बिस्कुट बजारमा ल्याएको दाबी गर्नुभएको छ। अहिले गुणस्तरीय प्याकेटमा ७० ग्रामको कोदोको बिस्कुटलाई रु २० मा बजार पठाउनु भएको छ। जसलाई नेपाल सरकारले गुणस्तरको चिह्नसमेत प्रदान गरिसकेको छ। उद्योग स्थापनाका लागि गण्डकी प्रदेश सरकारले ग्रामीण साना घरेलु उद्योग स्थापना कार्यक्रमअन्तर्गत रु १० लाख अनुदान दिएको छ। गाउँमै पाइने कच्चापदार्थ कोदोलाई बहुमूल्य बनाउन बिस्कुट निर्माण गरेको उहाँको भनाइ छ। बिस्कुटमा धेरै मात्रमा कोदोको पीठो भए पनि गहुँ, घीउ र तेलको समिश्रण हुने गरेको छ। अर्ग्यानिक कोदोबाट उत्पादित बिस्कुटले स्वास्थ्यलाई समेत फाइदा पुग्ने उहाँको भनाइ छ।

# जलारी दिदिबहिनी समुहद्वारा उद्घोषण तथा नेतृत्व बिकास तालिम

पोखरापत्र संवाददाता
पोखरा, २२ बैशाख



पोखरा ६ बैदाममा रहेको जलारी दिदिबहिनी समुहको आयोजना तथा स्वतन्त्र पत्रकार संघ नेपाल कास्की शाखाको सहयोगमा ३ दिने उद्घोषण, नेतृत्व बिकास तथा माइन्युट लेखन तालीम शनिबारदेखि सुरु भएको छ।

कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. ६ का वडा अध्यक्ष बिष्णु बहादुर भट्टराईले उद्घाटन गर्दै वडा कार्यलयबाट उपलब्ध सेवा सुबिधालाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताए । उनले वडा भित्रका लक्षित बर्गलाई प्राथमिकता दिई बिभिन्न तालिम दिनुका साथै आय आर्जनमा जोड्ने किसिमका तालीम दिइने बताए । पोखरा ६ की वडा सदस्य शोभा जलारीले पहिलो पटक जलारी दिदिबहिनीहरुलाई तालिम लिएको धेरै कुरा सिकाउने वताउँदै यस्ता कार्यक्रम नियमित गर्नुपर्ने वताइन् । स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष कृष्ण बहादुर रानाभाटले तालिममा सिकेको कुरा व्यबहारमा उतार्न सधैं तत्पर हुन अनुरोध गर्दै तालिम नियमित लिइ रहनुपर्ने बताए । कार्यक्रममा हर्पन फेवा मत्स्य सहकारी संस्थाका अध्यक्ष ज्ञानबहादुर जलारी, फेवा बाराही आमा समुहकी अध्यक्ष सीता जलारी लगायतले वोलेका थिए।

३ दिन सम्म संचालन हुने उक्त तालिममा स्वतन्त्र पत्रकार संघ कास्कीमा आवद्ध पत्रकारहरु सागर काकी, कृष्ण रानाभाट, डिल्लीराम काफ्ले, रजनी तामाङ, राधा ढकाल, मदनराज जैसी र अल्चना श्रेष्ठले उद्घोषण कला, नेतृत्व बिकास, माइन्युट लेखन सम्बन्धि तालिम दिने छन्।

समुहकी अध्यक्ष मीना जलारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य सहसचिव सम्झना खत्रीले र संचालन सचिव दिपा जलारीले गरेका थिए।

# द्वितीय युद्धकालीन उपन्यास खोजीमा पोखरा आइपुग्यो

पोखरापत्र संवाददाता
पोखरा, २२ बैशाख




डा. कालु शर्मा सुवेदीको द्वितीय विश्व युद्धकालीन परिवेश केन्द्रित अनुसन्धानात्मक उपन्यास खोजीमा पोखरा आइपुगेको छ।

पूर्वायण प्रकाशन असम भारतबाट प्रकाशित कृतिको शुक्रवार पोखरामा एक कार्यक्रमका बीच लोकार्पण गरिएको हो । कृति लोकार्पण गर्दै वरिष्ठ साहित्यकार सरुभक्तले पोखराका वरिष्ठ चिकित्सक जीवनको लामो कालसम्म चिकित्सका सेवामा क्रियाशील राखेर पेशाबाट निवृत्त भएसँगै साहित्य सेवामा लाग्नु निकै प्रशंसनीय कार्य भएको बताए । उनले शर्माको आख्यानशैली र सिर्जनशिलताको प्रशंसा गर्दै सरुभक्तले व्यक्ति आफू नो पेशा व्यवसायमा जुनसुकै निकाय र क्षेत्रमा रहे तापनि साहित्य सबैको साझा विषय रहेको धारणा राखे । उनले विद्यार्थी जीवन सकिएपछि साहित्यिक जीवन सकिएको नठान्न पनि आग्रह गरे । वरिष्ठ अधिवक्ता तिलक पराजुलीले द्वितीय युद्धकालीन परिवेशका विषयमा लेखिएका र सुनिएका धेरै सन्दर्भ रहे तापनि पोखरेली स्रष्टाबाट लेखिएको कृति थप सहयोगी सिद्ध हुने धारणा राखे । कृतिको समीक्षा गर्दै प्रा.डा. यमबहादुर पौडेल क्षत्रीले नेपाली कहिले ज्ञानको, कहिले बासस्थानको, कहिले आफन्तको खोजीमा प्रवासमा पुग्दा नेपालीले देखे भोगेको यथार्थ विषयवस्तु खोजीमा उपन्यासको मुख्य विषय रहेको बताए । कृतिका स्रष्टा कालु शर्मा सुवेदीले आफू बाल्यकालदेखि साहित्यनुरागी रहेतापनि सेवा निवृत्त समयमा आएर बल्ल आफ्नो सिर्जनशीलतालाई बाहिर ल्याउने अवसर मिलेको बताए। उनले केही कृति निकट भविष्यमै आउनेसमेत जानकारी गराए। कार्यक्रममा साहित्यकार शोभाकान्त गौडेलले स्रष्टा सुवेदीको व्यक्तित्व र कृतित्वका विविध आयामबारे प्रकाश पारेका थिए । यसैगरी, नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य नारायण मरासिनी, पृथ्वीनारायण क्याम्पसका विभागीय प्रमुख डा. यमनाथ तिमिसिना, पोखरा प्रज्ञा-प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, नेपाली लेखक संघ कास्कीका अध्यक्ष रिता अधिकारी, साहित्यकार असफल गौतमलगायतले कृति र स्रष्टा बारेका धारणा राखेका थिए । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याप्टर सदस्य दुर्गाबहादुर शाह बाबाले स्रष्टा शर्मालाई अनेसासको पिन, परिचयपत्र र सम्मानपत्रसहित साहित्य यात्राको निरन्तरताको कामना गरेका थिए ।

# रेडियो बाराहीका कार्यकारी निर्देशक पौडेललाई प्रेस स्वतन्त्रता सेनानी सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २२ बैशाख

पोखरामा संचालित रेडियो बाराही ९९.२ का कार्यकारी निर्देशक एवं अग्रज पत्रकार रमेश पौडेल प्रेस स्वतन्त्रता सेनानी सम्मानबाट सम्मानित हुनुभएको छ।

३१ औं विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा काठमाडौमा भएको नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभा तथा २७ औं महाधिवेशनउद्घाटनसमारोहमामहासंघ केन्द्रीय समितिको निर्णयबमोजिम पौडेललाई प्रेस स्वतन्त्रता सेनानी घोषणा सहित सम्मान गरिएको हो । नेपाली पत्रकारिता क्षेत्रमा पुर्‍याउनुभएको योगदानको साथै नेपालमा स्वतन्त्र प्रेसको विकास र रक्षाका लागि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनमा खेल्नुभएको भुमिकाको सम्मान गर्दै नेपाल पत्रकार महासंघले प्रधानमन्त्री पुष्पकमल दाहालको प्रमुख आतिथ्यतामा सो सम्मान अर्पण गरिएको हो । गोरखापत्र दैनिकको गण्डकी ब्युरो प्रमुख समेत रहनुभएका पौडेल समाधान दैनिकका पूर्व संस्थापक सम्पादक साथै आर्दश समाजको कार्यकारी सम्पादक भइ काम गरिसक्नुभएको छ । उहाँ विगत २५ बर्षदेखि नेपाल टेलिभिजन लगायत विभिन्न मिडियामा आवद्ध भई काम गर्नुभएको छ भने गोरखापत्र दैनिकमा मात्र करिब तीन दशकको निरन्तरता रहेको छ। पत्रकारिता क्षेत्रमा क्रियाशील पौडेल हाले प्रेस काउन्सिलबाट प्रदान गरिएको अग्रज पत्रकारिता सम्मान-२०८० बाट सम्मानित हुनु भएको थियो । सो सम्मान राष्ट्रपति रामचन्द्र पौडेलले अर्पण गर्नुभएको थियो । यसका अलवा नेपाल पत्रकार महासंघ कास्कीबाट संचालित दयाशंकर स्मृति पत्रकारिता पुरस्कार, गजेन्द्र भण्डारी स्मृति पत्रकारिता पुरस्कार, नेपाल प्रेस युनियन कास्कीद्वारा सञ्चालित नेपाल प्रेस युनियन राष्ट्रिय पत्रकारिता पुरस्कार, पर्वतबाट हरिमकमली प्रेस युनियन पत्रकारिता पुरस्कार लगायत दर्जनौ सम्मानबाट पुरस्कृत भैसक्नुभएको छ । आमसञ्चार, राजनितिशास्त्र र समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएका पौडेलले कानुनमा स्नातक गरि अधिवक्ताको रुपमा समेत काम गर्नुभएको अनुभव रहेको छ। उहाँ हाल विभिन्न सामाजिक संघसंस्थामा आवद्ध रही काम गर्दै आउनुभएको छ।

# बागलुङमा सुन्तलाखेतीप्रति आकर्षण बढ्दै

पोखरापत्र संवाददाता
बागलुङ, २२ बैशाख

पछिल्लो समय बागलुङमा सुन्तलाखेतीप्रति कृषकको आकर्षण बढ्दै गएको छ। हरेक वर्ष सुन्तलाखेती गर्ने क्षेत्रफल बढ्नुका साथै खेती गर्न सहज हुने भएकाले कृषकको आकर्षण बढ्दै गएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ।

बसाइँसराइले गाउँ रित्तिँदै गएपछि पहिले कोदो, मकै, गहुँलगायत अन्नबाली फल्ने बारीमा अहिले सुन्तलाखेती गर्न थालिएको छ । कम मेहनतमा राम्रो उत्पादन गर्न सकिने भएकाले कृषक सुन्तलाखेतीप्रति आकर्षित भएका केन्द्रका सूचना अधिकारी कुमार पुनले बताउनुभयो।

कृषि ज्ञान केन्द्रका अनुसार विसं २०७६ मा पाँच सय ८५ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएकामा हालसम्म आउँदा उक्त क्षेत्रफल बढेर छ सय १८ हेक्टर पुगेको छ। चार वर्षको अवधिमा ३३ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती बिस्तार भएको छ।

बागलुङमा सुन्तला उत्पादन राम्रो हुने र बजार पनि सहजरूपमा पाउने भएकाले खेती बिस्तार हुँदै गएको पुनको भनाइ छ। जिल्लामा काठेखोला गाउँपालिकाको बिहुँ, बागलुङ नगरपालिकाको सिगाना, तित्याङ, भकुण्डे, जैमिनी नगरपालिकाको बिनामारे र दमेकमा बढी सुन्तला उत्पादन हुने उहाँले जानकारी दिनुभयो। भौगोलिक बनावट र हावापानीअनुसार १० वटै पालिकामा धेरै वा थोरै सुन्तला उत्पादन हुने गरेको सूचना अधिकारी पुनले बताउनुभयो। अघिल्लो वर्षको तुलनामा यस वर्ष ४५ मेट्रिकटन सुन्तला उत्पादन कम भएको उहाँले जानकारी दिनुभयो।

सूचना अधिकारी पुनका अनुसार अघिल्लो वर्ष जिल्लामा तीन हजार नौ ८५ मेट्रिक टन उत्पादन भएकामा यस वर्ष तीन हजार नौ ४० मेट्रिकटन मात्रै उत्पादन भएको छ। गत वर्ष रु २० करोड बढीको सुन्तला बिक्री भएकामा यस वर्ष रु १८ करोडको मात्रै उत्पादन भएको छ । बागलुङमा सुन्तला व्यवस्थापनमा किसानले ध्यान नदिँदा उत्पादनमा ह्रास आएको पुनले बताउनुभयो। कृषि ज्ञान केन्द्रले सुन्तलाखेती गर्ने किसानलाई आवश्यक अनुदानसँगै बगैँचा व्यवस्थापन र प्राविधिक सहयोग गर्दै आएको उहाँको भनाइ छ। मल, जल र बगैँचा व्यवस्थापनमा कृषकले ध्यान दिए बागलुङमा धेरै मात्रामा सुन्तला उत्पादन गर्न सकिने सूचना अधिकारी पुनले बताउनुभयो। "बागलुङमा सुन्तला उत्पादन राम्रो हुन्छ । यहाँका धेरै किसानले मेहनत पनि गर्नुभएको छ, तर यस वर्ष बगैँचा व्यवस्थापन सही तरिकाले नहुँदा उत्पादन घटेको छ। खेती बिस्तार भने तीव्ररूपमा भइरहेको छ", उहाँले भन्नुभयो, "केन्द्रबाट कृषकलाई प्राविधिक सहयोगसहित अनुदान र तालिम प्रदान गर्दै आएका छौं । पहिले खाद्यबाली खेती हुने बारीमा अहिले सुन्तला लगाउन थालेका छन् ।" बागलुङ नगरपालिका-८ सिगानाका किसान अनन्तबहादुर खड्काले यस वर्ष रु छ लाखको सुन्तला बिक्री गरेको बताउनुभयो। बारीमा दुई सय बोट सुन्तला रहेको भन्दै आधाभन्दा बढीले उत्पादन दिन थालेको उहाँले जानकारी दिनुभयो। गत वर्षको तुलनामा यस वर्ष दुई प्रतिशतले मात्र उत्पादन बढेको उहाँको भनाइ छ । सिगानामा यो वर्ष करिब रु साढे दुई करोड भित्रिएको भन्दै खड्काले गाउँमा मात्रै ४० हजार सुन्तलाका बोट रहेका बताउनुभयो । "अन्य खेतीलाई जस्तो धेरै झन्झट गर्न नपर्ने, बेलाबेला गोडमेल र सिँचाइ गरे हुन्छ । उत्पादन राम्रो भयो भने आम्दानी पनि राम्रो हुन्छ, सुन्तलाखेती गरेपछि पछुताउनु भने पर्दैन", उहाँले भन्नुभयो, "कहिलेकाहीँ विभिन्न रोग र सङ्क्रमणले दुःख दिने भएकाले कृषि केन्द्रसँग समन्वय गरी काम गर्नुपर्छ। पहिले गाउँका थोरै किसानले सुन्तलाखेती गर्नेमा अहिले प्रत्येक परिवार यसमा आबद्ध हुँदै गएका छन् ।"


# सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०१/२३)**

यस संस्थाबाट तपसिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवं हर्जना व्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्था सँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण सावा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल**

| क्र सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानी को फोटो | जमानीको विवरण |
|---|---|---|---|---|
| १. |  | सदस्यता न : १७८०<br>१. **नाम** : **अमृत बिश्वकर्मा**<br>जन्म मिति : २०४०/११/१०<br>ना.प्र.नं : १३६५४९<br>जारी मिति : २०६०/०२/२६<br>बाबु : पुर्णसिह बिश्वकर्मा<br>बाजे/ससुरा : खड्के बिश्वकर्मा<br>ठेगाना साविक : धिताल-३ कास्की<br>हाल : माछापुच्छ्र-६ कास्की<br>सम्पर्क नं. : ९८०६५६०९१८ |  | १. **नामः** : **पुर्णसिह विश्वकर्मा**<br>ना.प्र.नं. : ५८१२७<br>जन्म मिति : २०२१/०४/१५<br>जारी मिति : २०५४/०९/०१ कास्की<br>बाबु : खड्के विश्वकर्मा<br>बाजे : गर्बे विश्वकर्मा<br>ठेगाना : साविक धिताल-३ कास्की<br>हाल : माछापुच्छ्रे-६ कास्की<br>सम्पर्क नं. : ९८२३७०६२७० |
| | | |  | १. **नामः** : **राजेन्द्र नेपाली**<br>ना.प्र.नं. : ११९६४८<br>जन्म मिति : २०४०/०४/११<br>जारी मिति : २०५८/०७/१६<br>बाबु : लिले सार्की<br>बाजे : लक्ष्मण सार्की<br>ठेगाना : साविक ढिकुरपोखरी १ कास्की<br>हाल : अन्नपुर्ण १ कास्की<br>सम्पर्क नं. : ९८०५१९५५६३ |
| **धितो विवरण**: श्री अमृत बिश्वकर्माको नाममा रहेको कास्की जिल्ला साविक घाचोक गा.वि.स. वडा न. ०३ स्थित कित्ता न.११६१ क्षेत्रफल १-१२-३-० रोपनी | | | | |
| २. |  | सदस्यता न. : १६५७<br>१. **नाम** : **दिपा गुरुङ**<br>जन्ममिती : २०४२/१२/०७,<br>ना.प्र.नं : ४५१०५७/२६१०,<br>जारी मिति : २०६४/०८/२१ लमजुङ<br>बाबु : नौं बहादुर गुरुङ<br>बाजे/ससुरा : मनबहादुर गुरुङ<br>ठेगाना : साविक श्रीभञ्ज्याङ-१, लमजुङ<br>हाल : पोखरा १४, चाउथे<br>सम्पर्क नं. : ९८१४१२०८०३ |  | १. **नाम** : **उमेश गुरुङ**<br>ना.प्र.नं. : २५१३७<br>जारी मिति : २०५४/०८/१९ लमजुङ<br>बाबु : मन बहादुर गुरुङ<br>बाजे : बलराम गुरुङ<br>ठेगाना : श्रीभञ्याङ्-१, लमजुङ<br>हाल : पोखरा१४, चाउथे<br>सम्पर्क नं. : ९८५६०३१३१५ |
| | | |  | २. **नाम** : **चिजकाजी गुरुङ**<br>ना.प्र.नं. : १११५ कास्की<br>बाबु : पुर्ण बहादुर गुरुङ<br>बाजे : भक्त बहादुर गुरुङ<br>ठेगाना : पोखरा-१४ कास्की<br>हाल : पोखरा-१४ कास्की<br>फोन नं. : ९८६९१४६४७५ |
| **धितो विवरण**: श्री दिपा गुरुङको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला फराकचौर गा.वि.स. वडा नं-७ स्थित कित्ता नं ८९३, ८८९ र ८९७ को क्षेत्रफल क्रमश ८१०.८०, १४५.०७, १५१.०३ वर्ग मि. | | | | |

# फेवा बचत तथा ऋण सहकारी संस्था लि.

**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**

**फोनः ०६१-५७३३७५, ५७२२३६**